# मधेस प्रदेश सभा

## मधेश प्रदेश, जनकपुरधाम ।

## सूचनापत्र-४

## मिति: २०८३।०६।०५

यस मधेश प्रदेश सभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित माननीय सदस्य, रौतहट जिल्ला, फतुवाविजयपुर नगरपालिका वडा नं. ०५ निवासी जैनब खातुनज्यूको मिति २०८३ साल भाद्र ३१ गते बुधबारका दिन असामयिक निधन भएकोमा मधेश प्रदेश सभा उहाँको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, यस दुःखद् घडीमा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको कार्यालयको पत्र संख्या २०८३/०८४, च.नं. २७, मिति २०८३/०६/०२ को प्राप्त पत्रानुसार माननीय सदस्यको निधन भएको आधिकारिक जानकारी प्राप्त हुन आएको हुँदा नेपालको संविधानको धारा १८० को खण्ड (च) तथा मधेश प्रदेश सभा नियमावली, २०८२ को नियम १९९ बमोजिम उक्त प्रदेश सभा सदस्यको पद रिक्त भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(बासु प्रसाद कोइराला)
सचिव
प्रदेश सभा सचिव